मिति: २०८१/११/०६

# प्रेस विज्ञप्ती

नेपाल निजामती कर्मचारी संगठनले आम कर्मचारीहरुका आफ्ना काम, कर्तव्य र दायित्वप्रति बफादार रही पेसागत हकहितको संरक्षण एवं सम्वर्द्धन गर्न, निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरिकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न, निजामती कर्मचारीहरुमा जनसेवाको भावना विकसित गरी गरिमामय र सम्मानित सेवाको रुपमा विकसित गराउनु आजको आवश्यकता हो । यसका साथै श्रमिक तथा श्रमजीवी पेशाकर्मी पक्षीय ट्रेड यूनियन आन्दोलन तथा पेशागत आन्दोलनको माध्यमवाट लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने कार्यमा योगदान गरी श्रमिक र श्रमजीवि पक्षीय शासन प्रणाली र वैज्ञानिक समाजवाद प्राप्तिको लागि योगदान गर्ने मूल उद्धेश्य राखि स्थापित निजामती क्षेत्रमा क्रियाशील पेशागत क्षेत्रको अग्रणी संस्था नेपाल निजामती कर्मचारी संगठन सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको पेशागत हकहित एवं अधिकारको अतिरिक्त प्रभावकारी जनसेवा प्रवाह, व्यवस्थित र मर्यादित ट्रेड युनियनको पक्षमा विगत ३४ वर्षदेखि निरन्तर आवाज उठाउँदै आईरहेको छ । मानव अधिकार, लोकतन्त्र, शान्ति र सुशासनको पक्षमा आफ्ना विधि र व्यवहार प्रकट गर्दै आएको निजामती कर्मचारीहरुको पहिलो राष्ट्रियस्तरको ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन पेशागत हक, अधिकारको घेराभित्र मात्र सिमित नरही राष्ट्र रुपान्तरणका सवालमा जनचाहना अनुसार निरंकुश शासन प्रणाली विरुद्ध २०६२/०६३ को दोस्रो जनआन्दोलनका साथै लोकतन्त्र, गणतन्त्र र शान्तिको पक्षमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ ।

२०४७ बैशाख ७ गते स्थापित संगठन **"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान- राजनीतिक अधिकार सहितको ट्रेड यूनियन, हाम्रो अभियान"** भन्ने मूल नाराका साथ २०८१ माघ ३० देखि फागुन ३ गतेसम्म कार्की बैङक्वेट, बबरमहल, काठमाडौंमा सम्पन्न १२ औं महाधिवेशनमा अध्यक्ष लेखनाथ कोइरालाद्वारा प्रस्तुत **"सांगठनिक प्रतिवेदन"** र कोषाध्यक्ष गणेश प्रसाद आचार्यद्वारा प्रस्तुत **"आर्थिक प्रतिवेदन"** सुझाव सहित पारित गरिएको छ । नेकपा एमालेका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा समुद्घाटन गरिएको महाधिवेशनमा केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य, प्रदेश, जिल्ला/विभागीय कार्य समितिका अध्यक्ष लगायत ७३९ जना महाधिबेशन प्रतिनिधिको सहभागिता रहेको उक्त कार्यक्रममा विभिन्न विदेशी मुलुकका भाइचारा संगठनका प्रतिनिधित्व रहेको समारोहमा विशेष अतिथिको रुपमा नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव शंकर पोखरेल, स्थायी कमिटि सदस्य तथा जनसंगठन समन्वय संयन्त्र प्रमुख भानुभक्त ढकाल, नेकपा एमालेका पोलिटव्युरो सदस्य एवं पेशागत महासंघ नेपालका इन्चार्ज श्री रामेश्वर फुयाल, नेपाल सरकारका भूमि सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारी, संघीय मामिला तथा सामान्य प्रशसन मन्त्री माननीय राजकुमार गुप्ता, नेकपा एमालेका केन्द्रीय सदस्य बावुराम थापा, पेशागत महासंघ नेपालका अध्यक्ष तथा संगठनका पूर्व अध्यक्ष पुण्य प्रसाद ढकाल, पेसागत महासंघ नेपालका उपाध्यक्ष तथा संगठनका पूर्व अध्यक्ष भोलानाथ पोखरेल, पेसागत महासंघ नेपालका उपाध्यक्ष हरि कुमार श्रेष्ठ, पेसागत महासंघ नेपालका महासचिव तथा संगठनका पूर्व अध्यक्ष केदार प्रसाद देवकोटा, पेसागत महासंघ नेपालका उप-महासचिव लक्ष्मण वजगाई, सचिव कमल पराजुली, संगठनका पूर्व अध्यक्ष श्री गणेश बस्याल, सार्वजनिक संस्थान कर्मचारी संगठनका अध्यक्ष इन्दु आचार्य, संगठनका पूर्व पदाधिकारी तथा सदस्यहरु लगायत महाधिवेशनका प्रतिनिधिहरु र आम संगठक तथा शुभेच्छुक कर्मचारीहरुको उपस्थिति रहेको थियो । बाह्रौं महाधिवेशनबाट **भवानी न्यौपाने दाहालको अध्यक्षतामा १७१ सदस्यीय केन्द्रीय कार्य समिति, ५ सदस्यीय लेखापरीक्षण आयोग, ५ सदस्यीय अनुशासन आयोग, ५ सदस्यीय नीति अनुसन्धान आयोग, ११ सदस्यीय विज्ञान तथा प्रविधि आयोग र ७१ जना केन्द्रीय परिषद् सदस्य** सर्वसम्मत रुपमा निर्वाचित हुनु भएको छ ।

११औं राष्ट्रिय अधिवेशन पश्चात संगठनले संगठन स्थापना दिवस, शहीद स्मृति दिवस, ट्रेड युनियन दर्ता दिवस लगायतका कार्यक्रमका अतिरिक्त रक्तदान, राष्ट्रव्यापी हाजिरीजवाफ प्रतियोगिता, खेलकुद, साँस्कृतिक कार्यक्रम

जस्ता रचनात्मक तथा सिर्जनात्मक कामहरु गर्दै आफ्ना नियमित गतिविधिहरु सञ्चालन गरिरहेको व्यहोरा अनुरोध छ ।

नेपाल निजामती कर्मचारी संगठनलाई आगामी दिनमा थप व्यवस्थित, सुदृढ, क्रियाशील बनाउँदै **"समृद्ध नेपाल, सुखी नेपाली" को** राष्ट्रिय आकांक्षा पुरा गराउन **"शिघ्र सेवा र तीव्र विकास"** को जनआकांक्षा पुरा गराउन संगठनले अंगीकार गरेको लक्ष्यका साथ अगाडी बढ्न संगठनका आम सदस्यहरु लाग्नु आजको आवश्यकता रहेको छ ।

नेपाल निजामती कर्मचारी संगठनले प्रशासनिक स्वच्छता र मर्यादाका पक्षमा सधैं वकालत गर्दै आईरहेको छ । क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह, नागरिकमैत्री प्रशासन, सेवाग्राहीप्रतिको सम्मान हाम्रा मान्यताहरु हुन् । यसलाई अझै व्यवस्थित गर्न कार्यालयमा पाल्नु हुने सबै सेवाग्राहीहरुलाई नेपाल निजामती कर्मचारी संगठनको हरेक सदस्यले अनिवार्य रुपमा **"मुस्कान सहितको सेवा प्रवाह"** को प्रत्याभूति गर्दै **"आफैबाट नमस्कार"** गर्ने अभियानको थालनी गर्ने निर्णय गरिएको छ ।

**नेपाल निजामती कर्मचारी संगठनको बाह्रौ महाधिबेशनवाट अगाडी सारेका कार्यभारहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।**

१. निजामती कर्मचारीको परिभाषामा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई निजामती सेवाको परिभाषामा समावेश गरि तीनै तहको अन्तरसम्बन्ध रहने गरी स्वास्थ्य र संसद सेवा समावेश गरि एकिकृत संघीय निजामती सेवा ऐन जारी गर्न पहल गर्नुपर्ने ।
२. आधिकारिक ट्रेड युनियन (CBA) को निर्वाचनमा स्वास्थ्य, प्रदेश र स्थानीय तहमा कार्यरत सबै प्रकृतिका सबै कर्मचारीले सहभागी हुन पाउने गरि व्यवस्था गरिनुपर्ने,
३. **"जहाँ सरकार त्यहाँ ट्रेड यूनियन"** भन्ने मूल ध्येय लिई तीनै तहका कर्मचारीहरुको सहभागिता हुने गरी संघीय संरचनाको निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन यथाशिघ्र गराउन नेपाल सरकारसँग जोडदार माग गर्ने,
४. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई माथिल्लो पदमा प्रतिस्पर्धा गर्दा उमेरको हद नलाग्ने व्यवस्था गर्नुपर्ने,
५. संघ, प्रदेश र स्थानीय तहको निजामती सेवा सञ्चालन र व्यवस्थापनका लागि संघीय निजामती सेवा ऐन कर्मचारीमैत्री बनाउनु पर्ने ।
६. प्रदेश र स्थानीय तहमा समायोजनपछि तह वृद्धि भई अवकास भएका कर्मचारीको अवकास पछि सेवा सुविधा तहवृद्धि भएको तहकै सेवा सुविधा उपलब्ध गराउनु पर्ने ।
७. सबै कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह लागू गर्नुपर्ने ।
८. सरुवालाई अनुमानयोग्य बनाउन कम्तिमा शुरु पदस्थापना पछिको दुई अवधिका सरुवा तोक्ने व्यवस्था ऐनमै समावेश गर्नुपर्ने ।
९. उच्चस्तरीय तलब सुधार सुझाव आयोगको प्रतिवेदनको सुझाव अनुसार कर्मचारीको तलव भत्ता लागायत सेवा सुविधा आगामी बजेटबाट कार्यान्वयनमा ल्याउन सरकारसँग माग गर्ने ।
१०. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न आर्थिक सुविधा सहित कम्तीमा पन्ध्र दिन आन्तरिक पर्यटन काज सबै राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराउन पहल गर्नुपर्ने ।
११. १८० दिनभन्दा बढी सञ्चित हुने घरबिदाको रकम प्रत्येक वैशाख महिनाभित्र भुक्तानीको लागि पहल गर्नुपर्ने
१२. औषधी उपचार खर्च सुविधामा सुधार गर्दै परिवारको परिभाषाभित्र पर्नेसम्मका सदस्यलाई उक्त सुविधा प्रदान गर्न र स्वास्थ्य तथा औषधी उपचार वीमाको समेत व्यवस्था गर्न पहल गर्ने ।
१३. कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट उपलब्ध गराईदै आएको सापटी रकमको व्याजदरलाई न्यूनिकरण गर्नु पहल गर्ने ।
१४. निजामती अस्पतालबाट प्रदान हुँदै आएका सेवालाई कर्मचारीमैत्री बनाई प्रदेश स्तरमा विस्तार गर्ने र हाल प्राप्त सेवा सुविधालाई सरल, सहज र पहुँचयोग्य बनाउँदै सबै कर्मचारीहरुलाई निजामती अस्पतालको सेवा

सुविधा उपलब्ध हुनुपर्ने र सेवानिबृत्त कर्मचारीहरूको निःशुल्क उपचार हुनुपर्ने व्यवस्थाको लागि आबश्यक पहल गर्ने ।

१५. कर्मचारी आवास योजना र निजामती विद्यालय सबै प्रदेश स्तरमा विस्तार गर्न आवश्यक पहल गर्ने ।

१६. सेवाग्राहीबाट प्रयोग हुने फाराम, निवेदनहरू निःशूल्क रुपमा उपलब्ध गराई सेवाग्राही सहायता कक्षबाट भर्ने व्यवस्था मिलाउने र बिचौलीयामुक्त सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने ।

१७. Staff Meeting, Senior Management Team, Research and Change Team, Quality Circle जस्ता संयन्त्रहरूमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने ।

१८. सार्वजनिक सेवा प्रवाहलाई सरल बनाउन दुर्गम एवं पिछडिएका क्षेत्रमा नियमित रुपमा एकीकृत घुम्ती सेवा सञ्चालन गर्नुपर्ने ।

१९. योग्यता पुगेका अस्थायी र करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोक सेवा आयोगको सिमित प्रतियोगिताका माध्यमबाट स्थायी गरिनुपर्ने ।

२०. कर्मचारीसँग सम्बन्धित निकायहरू निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता सरोकारित निकायहरूमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने ।

२१. काठमाडौं उपत्यकामा एकिकृत परिवहन सेवाको ब्यबस्था र क्षेत्र विस्तार गरी सबै क्षेत्रबाट आउने कर्मचारीलाई सुविधा उपलब्ध गराउने र उपत्यका बाहिरको हकमा एकिकृत परिवहन सेवा सञ्चालन गर्न नसकिनेलाई दूरीको आधारमा यातायात खर्च उपलब्ध गराउनु पर्ने ।

२२. संगठकहरूमा संगठन कार्यसंस्कृति, ट्रेड युनियन मूल्य, मान्यता र प्रतिवद्धता स्थापित गराई लागू गर्ने र ट्रेड युनियनकर्मीहरूको आचारसंहिता वनाउन सरकारलाई सहयोग गर्ने ।

२३. भ्रष्टाचारजन्य कार्यमा शून्य सहनशिलता स्थापित गर्न नियामक निकायहरुसंग सहकार्य गरि भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने र सेवाग्राहीका गुनासो शून्यमा झार्न योजना तर्जुमा गर्नुपर्ने ।

२४. कार्यालयमा महिला कर्मचारीहरूका लागि स्तनपान कक्ष, शिशु स्याहार केन्द्र, महिलामैत्री शौचालय स्थापना गर्नुपर्ने र सवै कार्यालयहरूमा अपाङ्गमैत्री सेवा प्रवाहको वातावरण बनाउनु पर्ने ।

२५. स्वास्थ्य सेवाका कर्मचारीलाई तीनै तहमा प्रभावकारी व्यवस्थापन गर्नुपर्ने र चक्रिय प्रणालीमा संघ, प्रदेश र स्थानीय तहमा सरुवा हुन पाउने व्यवस्था गर्नुपर्ने ।

२६. कार्यसम्पादन मूल्यांकनलाइ वस्तुगत सूचकमा आधारित बनाई सेवा सुविधा, वृत्ति विकास र दण्ड पुरस्कारमा प्रत्यक्ष आवद्धता खोजिनु पर्ने ।

२७. संगठनले आफ्नो VISION, MISSION, GOAL सहितको ३ वर्षे कार्यकालमा सम्पन्न गर्न सकिने अल्पकालीन र सो भन्दा बढी समयमा सम्पादन हुने कार्यका लागि दीर्घकालिन योजना तयार गरी कामहरुलाई व्यवस्थित गर्ने,

२८. राष्ट्रसेवक सहकारीहरु स्थापना गर्न बाँकी रहेका ९ जिल्लाहरुमा यथाशिघ्र सहकारी स्थापना गर्न पहल गर्ने ।

**हाम्रो प्रतिबद्धता**

१. संघ, प्रदेश र स्थानीय तहसम्म संगठन सुदृढीकरण कार्यक्रम संचालन गर्ने ।

२. सुशासन कायम गर्न र नागरिक सेवा प्रवाह प्रभावकारी वनाउन भ्रष्ट्राचार न्यूनीकरणमा लाग्ने ।

३. समाज र नागरिकप्रति समर्पित भई नागरिक सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाउन क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहमा ध्यान दिने ।

४. कार्यक्षेत्र र कार्यस्थलप्रति जिम्मेवार रहने ।

५. शासन होइन सेवा, शासक होइन सेवक भन्ने मान्यतालाई स्थापित गर्ने ।

६. निगाहमा होइन अधिकारमा आधारित सेवा प्रदान गर्ने ।

७. प्रक्रियामा भन्दा नतिजामा ध्यान दिने ।

८. सेवा लाइनमा होइन अनलाइनमा दिने व्यवस्थामा ध्यान दिने ।

९. प्रक्रियामूखी सेवा प्रवाहलाई परिणाममूखी बनाउन नियत प्रधान होइन, निर्णय प्रक्रियामा नीति प्रधान वनाउनु पर्ने।

१०. "नेगोएप" QR कोड मार्फत संगठनको सम्पूर्ण सूचना तथा आर्थिक कारोवारलाई व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गरिनेछ ।

११. राष्ट्रसेवक सहकारी संस्था लि.हरुको सवलीकरणमा जोड दिने ।

**आदरणीय सञ्चारकर्मी मित्रहरु,**

अन्तमा, नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशन सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु, अध्यक्ष मण्डल, निर्वाचन समिति, सहभागी प्रतिनिधिहरु, पत्रकार, स्वयंसेवक, सुरक्षा निकाय लगायत महाधिवेशन सम्पन्न गराउन व्यवस्थापनमा अहोरात्र खटिने सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहान्छौं

महाधिवेशनबाट निर्वाचित कार्यसमितिले आफ्नो कार्यकालमा मुलुकको सार्वजनिक प्रशासन र निजामती प्रशासनको समृद्धिमा योगदान पुऱ्याउने गरी नीति निर्माण र संगठनको संस्थागत सुदृढीकरणको अभियानका साथ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यस महाधिवेशनबाट पारित प्रस्तावले निजामती क्षेत्रमा निजामती सेवाको श्रीवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने छ भन्ने अपेक्षा राख्दै महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिको तर्फबाट सार्वजनिक गरिएका निर्णयहरुलाई प्राथमिकताका साथ प्रकाशन तथा सम्प्रेषण गरी दिनु हुन सबै सञ्चारकर्मी मित्रहरुमा हार्दिक अनुरोध गर्दछौं ।

हार्दिक अभिवादन सहित ! धन्यवाद ।

रामचन्द्र अधिकारी
महासचिव